# बबई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

हापुरे, दाङ

# आर्थिक वर्ष २०८२/०८३ को

# वार्षिक प्रगति प्रतिवेदन

२०८३ साल श्रावण २६

## १. परिचय

बबई गाउँपालिका दाङको सबैभन्दा पश्चिममा पर्ने गाउँपालिका हो । यो नेपालको संविधान २०७२ को धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, स्वायत्त संरक्षित वा विशेष क्षेत्रको नाम, संख्या तथा सिमाना निर्धारण आयोगको सिफारिसमा बनेको ७५३ वटा स्थानीय तह मध्यको लुम्विनी प्रदेश अन्तर्गतको दाङ जिल्लामा पर्ने एक स्थानीय तह बबई गाउँपालिका जिल्ला सदरमुकाम घोराही देखि ४६ किलोमिटर पश्चिममा पर्दछ। पूर्वमा शान्तिनगर गाउँपालिका पश्चिममा बाँके र उत्तरमा सल्यान जिल्ला र दक्षिणमा दंगीशरण गाउँपालिका र बाँके जिल्ला रहेको छ। साविकका पुरन्धारा र पञ्चकुले गा.वि.स. समायोजन भई यस गाउँपालिकाको निर्माण भएको हो। यस गाउँपालिकाको कुल क्षेत्रफल २५७. ४८ वर्ग किलोमिटर रहेको छ। २०७८ सालको जनगणना अनुसार यहाँको कुल जनसंख्या ३०९८६ र कुल घरधुरी ७५२७ रहेको छ यस गाउँपालिकामा ७ वटा वडा रहेका छन्। यस पालिका समुद्र सतहदेखि ६७६ मीटर उचाइमा रहेको छ । यस गाउँपालिकामा बाहुन क्षेत्री, मगर, दलित, थारु लगायतका जातिको बाहुल्यता रहेको छ। यस गाउँपालिकाका मुख्य भाषा नेपाली, थारु र मगर रहेका छन्। यस गाउँपालिकामा खेतीपातीको लागि उर्वर भूमि रहेको छ । यस गाउँपालिकाका पुरन्धारा झरना, धागे छहरा, गौरी शंकर  शिवालय मन्दिर र चिसापानी मन्दिर प्रमुख पर्यटकीय स्थल हुन् । यस बबई गाउँपालिकामा ३४ वटा विद्यालय, २ वटा अस्पताल १ वटा स्वास्थ्य चौकी र ५ वटा स्वास्थ्य केन्द्र , २ वटा इलाका प्रहरी र १ प्रहरी चौकी, १ वटा अस्थायी प्रहरी पोष्ट र १ वटा क्याम्पस रहेका छन । यस पालिकाको विच भागवाट तुल्सीपुर सुर्खेत रोड मार्ग छ भने हापुरे बबरपुर गंगटे हुदै कोहलपुर जोडने सडक निर्माणाधिन अवस्थामा छ। यस पालिकामा अब्यवस्थित वसोवास र राष्ट्रिय निकुन्ज मध्यवर्ति क्षेत्र भित्रका बस्तिहरु विशेष चुनौतिको रुपमा रहेका छन ।समग्रमा यो बबई गाउँपालिका प्राकृतिक सम्पदाले सम्पन्न पालिका हो ।

बबई गाउँपालिका लुम्बिनी प्रदेश अन्तर्गत दाङ जिल्लामा अवस्थित एक स्थानीय तह हो। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा सम्बन्धित ऐन/नियम बमोजिम यस गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ मा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, सुशासन, सामाजिक सुरक्षा तथा आर्थिक विकासका क्षेत्रमा विभिन्न योजना तथा कार्यक्रमहरू सञ्चालन गरेको छ।

यो वार्षिक प्रगति प्रतिवेदन योजना शाखा, भौतिक पूर्वाधार शाखा, आर्थिक प्रशासन शाखा, शिक्षा, पशु सेवा शाखा, सहकारी शाखा, सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा, न्यायिक समिति, रोजगार सेवा केन्द्र, सूचना प्रविधि तथा विपद् व्यवस्थापन शाखा र विभिन्न वडा कार्यालयहरूबाट

प्राप्त प्रगति विवरणहरूलाई एकीकृत गरी तयार पारिएको हो। यस प्रतिवेदनले आ.व. २०८२/०८३ मा भएका प्रमुख उपलब्धि, वित्तीय तथा भौतिक प्रगति, समस्या/चुनौती र आगामी कार्यदिशालाई समेटेको छ।

### १.१ प्रतिवेदनको उद्देश्य

- आ.व. २०८२/०८३ मा सम्पन्न भएका योजना तथा कार्यक्रमहरूको एकीकृत प्रगति प्रस्तुत गर्नु
- वित्तीय तथा भौतिक प्रगतिको वस्तुगत अवस्था सार्वजनिक गर्नु
- समस्या तथा चुनौती पहिचान गरी सुधारका उपाय सुझाउनु
- आगामी योजना तथा बजेट निर्माणका लागि आधार तयार गर्नु
- पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्द्धन गर्नु

## २. समग्र वित्तीय स्थिति तथा प्रगति

### २.१ आय—व्ययको समग्र अवस्था

आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाको अनुमानित आय तथा व्यय रु. ५२ करोड ९० लाख ८६ हजार रहेको थियो। जसमध्ये चालु खर्च रु. २८ करोड २३ लाख ७० हजार र पुँजीगत खर्च रु. १४ करोड ५ लाख १८ हजार गरी कुल खर्च रु. ४२ करोड २८ लाख ८९ हजार भएको छ। समग्र खर्च प्रतिशत ७९.९२ प्रतिशत रहेको छ।

| आय अनुमान | व्यय अनुमान | चालु खर्च | पुँजीगत खर्च | खर्च % |
|---|---|---|---|---|
| ५२,९०,८६ | ५२,९०,८६ | २८,२३,७० | १४,०५,१८ | **७९.९२%** |

(रकम रु. हजारमा)

**महिना अनुसार खर्च प्रवृत्ति**

चैत्रसम्म ३९.३%, बैशाखसम्म ४३.१%, जेठसम्म ४७.५% र असार मसान्तसम्म ७९.९% खर्च भएको छ। आर्थिक वर्षको अन्तिम दिन (२०८३/०३/३२) मा मात्र करिब ७.९५% खर्च भएको देखिन्छ, जसले बजेट कार्यान्वयनमा वर्षान्त केन्द्रित प्रवृत्ति रहेको संकेत गर्दछ।

### २.२ क्षेत्रगत वित्तीय प्रगति

| क्षेत्र | वित्तीय प्रगति % | टिप्पणी |
|---|---|---|
| आर्थिक विकास | ७६.१८% | |

| | | |
|---|---|---|
| सामाजिक विकास | ८६.९२% | उच्च प्रगति |
| पूर्वाधार विकास | ७१.२८% | |
| सुशासन तथा कार्यालय सञ्चालन | ७९.९२% | |

## २.३ संघीय तथा प्रदेश अनुदानको अवस्था

संघीय अनुदान तर्फको विस्तृत विवरण निम्नानुसार छः

| स्रोत | वार्षिक बजेट | प्राप्त रकम | खर्च रकम | फिर्ता |
|---|---|---|---|---|
| समानीकरण अनुदान | ११,०१,००,००० | १०,०६,८६,४५० | १०,०६,८६,४५० | — |
| सशर्त अनुदान चालु | १७,९९,५८,००० | १७,९३,५८,००० | १६,११,९३,००९ | १,८१,६४,९९१ |
| सशर्त अनुदान पुँजीगत | १,८०,००,००० | १,८०,००,००० | १,२२,४८,८०७ | ५७,५१,१९३ |
| विशेष अनुदान पुँजीगत | ९०,००,००० | ५०,८४,७१२ | ५०,६६,०१६ | १८,६९६ |
| समपुरक अनुदान | १,२०,००,००० | ८७,२३,९५६ | ८७,१८,५७८ | ५,३७८ |
| **जम्मा** | **३२,९०,५८,०००** | **३१,१८,५३,११८** | **२८,७९,१२,८६०** | **२,३९,४०,२५८** |

प्रदेश तर्फ फ्रिज/फिर्ताः रु. ३१,२३,०७४ | संघ तर्फः रु. २,३९,४०,२५७ | जम्मा फ्रिजः रु. २,७०,६३,३३१

## २.४ भुक्तानी बाँकी तथा बेरुजु

- भुक्तानी बाँकी (क्रमागत योजना सहित): रु. १,५४,८७,९६२
- योजना संख्या भुक्तानी बाँकीः ११ (कार्यक्रम ०, बाँकी मेशिनरी/औजार/मर्मत/औषधी/इन्धन/कार्यालय सामग्री)
- हालसम्मको अद्यावधिक कुल बेरुजुः रु. १३,०३,३६,७७९ (नियमित गर्नुपर्ने, असुल गर्नुपर्ने र पेस्की बेरुजु)
- आ.व. २०८२/८३ मा प्रतिक्रियाबाट सम्परीक्षण भएकोः रु. ४८,२०,५१५

## ३. योजना शाखाको विस्तृत प्रगति

## ३.१ समग्र योजना प्रगति

आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिकाबाट सञ्चालित कुल योजना संख्या ३२९ वटा रहेका छन्। यी योजनाहरूमा कुल स्वीकृत बजेट रु. १६ करोड ३७ लाख ६२ हजार ९ सय ५ रुपैयाँ रहेको थियो भने श्रमदान सहित लागत अनुमान/सम्झौता रकम रु. १४ करोड ४९ लाख ५१ हजार ३ सय ५० रुपैयाँ रहेको छ। कुल भुक्तानी रु. १२ करोड ३१ लाख ४९ हजार ३ सय ५४ रुपैयाँ भई समग्र वित्तीय प्रगति ८४.९६ प्रतिशत हासिल भएको छ।

| विवरण | रकम / संख्या |
|---|---|
| कुल योजना संख्या | **३२९** |
| कुल स्वीकृत बजेट | रु. १६,३७,६२,९०५.७८ |
| श्रमदान / जनसहभागिता | रु. ८०,२१,२६५.४८ |
| लागत अनुमान / सम्झौता रकम | रु. १४,४९,५१,३४९.९८ |
| कुल भुक्तानी रकम | रु. १२,३१,४९,३५३.५९ |
| बाँकी बचत/रकम | रु. ४,०६,१३,५५१.८७ |
| समग्र वित्तीय प्रगति (सम्झौता आधारमा) | **८४.९६%** |

## ३.२ कार्यान्वयन मोड अनुसार प्रगति

| मोड / स्रोत | संख्या | स्वीकृत बजेट | भुक्तानी | प्रगति % |
|---|---|---|---|---|
| गा.पा. उपभोक्ता समिति | २८० | ६,५५,३०,७२५ | ६,२७,७३,०३३ | ८५.८०% |
| गा.पा. ठेक्का | ८ | १,५१,८९,६९४ | १,०१,१६,८८७ | ८२.१६% |
| गा.पा. कोटेशन | २५ | ८६,२९,७५६ | ८०,९०,८८५ | ९६.४४% |
| संघ समपुरक (ठेक्का) | १ | २,३२,७९,९६० | १,४१,२३,२६० | ९५.६५% |
| संघ सशर्त (ठेक्का) | ५ | १,९१,६४,९२१ | १,१९,९०,५४१ | ८७.४८% |
| संघ विशेष (ठेक्का) | १ | ८९,९९,५८२ | ४९,३६,७१३ | ९०.८०% |
| प्रदेश समपुरक (ठेक्का) | १ | १,४५,४९,५८२ | ३७,८७,३३२ | ४०.७४% |
| प्रदेश सशर्त (ठेक्का) | २ | २९,९९,९१३ | २०,७३,४४५ | ९४.२५% |
| प्रदेश सशर्त (कोटेशन) | २ | १९,९८,९८४ | १८,८१,३७७ | ९६.२५% |
| प्रदेश सशर्त (उपभोक्ता) | ४ | ३४,२०,५०० | ३३,७५,८८२ | ८८.५२% |

| | | | | |
|---|---|---|---|---|
| कुल जम्मा | ३२९ | १६,३७,६२,९०६ | १२,३१,४९,३५४ | ८४.९६% |

## ३.३ जनसहभागिता तथा श्रमदान

आ.व. २०८२/०८३ मा स्थानीय उपभोक्ता समिति मार्फत कुल रु. ८०,२१,२६५.४८ बराबरको जनसहभागिता तथा श्रमदान परिचालन भएको छ। यो कुल लागत अनुमानको करिब ५.५३% हिस्सा हो। गाउँपालिका उपभोक्ता श्रमदान रु. ७६,२८,४९२.२१ (२८० योजना) र प्रदेश सशर्त योजना श्रमदान रु. ३,९२,७७३.२९ (४ योजना) रहेको छ। समुदायको प्रत्यक्ष अपनत्व र सहभागिताले विकास निर्माण कार्यलाई दिगो, पारदर्शी र गुणस्तरीय बनाउन सहयोग पुगेको छ।

## ३.४ मुख्य उपलब्धि तथा सुधारका क्षेत्र

उपलब्धि

- कुल ३२९ योजनामध्ये अधिकांशमा उच्च वित्तीय प्रगति (औसत ८४.९६%)
- कोटेशन र विशेष/समपुरक अनुदान तर्फ ९०% भन्दा माथि प्रगति
- उपभोक्ता समिति मार्फत स्थानीय रोजगार र अपनत्व सिर्जना

सुधार आवश्यक क्षेत्र

- प्रदेश समपुरक अनुदान ठेक्का योजना (४०.७४% मात्र प्रगति) मा द्रुत कार्यान्वयन आवश्यक
- समयमै आयोजना सम्झौता र भुक्तानी प्रक्रिया सम्पन्न गर्ने व्यवस्थापन

# ४. भौतिक पूर्वाधार शाखाको विस्तृत प्रगति

## ४.१ शाखाको परिचय तथा मुख्य कार्य

गाउँपालिकाको समग्र र दिगो पूर्वाधार विकासका लागि प्राविधिक डिजाइन, निर्माण, अनुगमन तथा गुणस्तर नियन्त्रण सम्बन्धी कार्य गर्ने शाखा भौतिक पूर्वाधार शाखा हो। मुख्य कार्यहरूमा पूर्वाधार विकास योजना कार्यान्वयन, सर्वेक्षण/डिजाइन/लागत अनुमान, प्राविधिक सेवा तथा गुणस्तर नियन्त्रण, नियमित अनुगमन/नापजाँच, सडक/पुल/भवन/खानेपानी/सिँचाइ/नाली विकास तथा मर्मतसम्भारमा सहयोग, र भवन मापदण्ड तथा नक्सा पास कार्यान्वयन पर्दछन्।

## ४.२ समग्र प्रगति सूचक

- भुक्तानी भएको योजना संख्या: ३२९

- ठेक्का भुक्तानी बाँकी: ५
- उपभोक्ता भुक्तानी बाँकी: ८
- ठेक्का लागेका: १३ वटा
- कुल भुक्तानी: रु. १२ करोड ३१ लाख ४९ हजार ३ सय ५३
- सम्झौता रकम: रु. १५ करोड २० लाख ३० हजार ५ सय ८३

## ४.३ सिँचाइ तर्फको उपलब्धि

- पक्की RCC नहर निर्माण: ११,९६० मिटर सम्पन्न
- RCC बाँध निर्माण: ८ वटा सम्पन्न
- सिँचाइ पाइप तथा ट्याङ्की: १,१०० मिटर पाइप तथा १ वटा सिँचाइ ट्याङ्की
- कच्ची कुलो निर्माण: ३,६०० मिटर

नहर, RCC बाँध तथा सिँचाइ पाइप/ट्याङ्की निर्माणबाट सिँचाइ सुविधा विस्तार भई कृषि उत्पादनमा वृद्धि, पानीको व्यवस्थित उपयोग तथा कृषकहरूको समय र लागत बचतमा उल्लेखनीय योगदान पुगेको छ।

## ४.४ सडक तर्फको उपलब्धि

- पक्की RCC सडक नाला: ६,७८३ मिटर सम्पन्न
- ग्राभेल सहित सडक स्तरोन्नति: ९,३०० मिटर
- नयाँ सडक कटिङ: ४,२०९ मिटर
- सडक मर्मत: ३८ कि.मि. तथा विभिन्न वडाका कच्ची सडक सरसफाइ गरी सञ्चालनमा ल्याइएको
- कलभर्ट निर्माण: ७ वटा

## ४.५ भवन तथा अन्य पूर्वाधार

- भवन नक्सा पास इजाजत: १५ वटा
- भवन नक्सा पास निर्माण सम्पन्न: ६ वटा
- अभिलेखीकरण: २५ वटा (राजस्व रु. १,९८,२१५.३०)
- नक्सा पास राजस्व: रु. २,८३,१८४.०० | जम्मा राजस्व रु. ४,८१,३९९.३०
- चौतारा निर्माण: ६ वटा
- सामुदायिक भवन: ८ वटा

- तटबन्ध तथा बाँध अन्तर्गतः ३१२ थान गेवियन बक्स
- खानेपानी पाइपलाइन खरिदः १०,५९१ मिटर
- खानेपानी ट्याङ्कीः ३ वटा

## ४.६ समस्या तथा चुनौतीहरू

- पर्याप्त बजेट तथा स्रोत—साधनको अभाव
- निर्माण सामग्रीको मूल्यवृद्धि तथा समयमै उपलब्ध नहुनु
- ठेक्का तथा निर्माण कार्यमा हुने ढिलाइ
- निर्माण कार्यको गुणस्तर कायम राख्न तथा नियमित अनुगमनमा चुनौती
- जग्गा, सडक अधिकार क्षेत्र तथा स्थानीय विवादका कारण योजना कार्यान्वयनमा समस्या
- निर्माण सम्पन्न संरचनाको नियमित मर्मतसम्भारका लागि पर्याप्त बजेटको अभाव
- सानो बजेटका धेरै टुक्रे योजनाका कारण स्रोत तथा बजेट छरिने समस्या
- दीर्घकालीन तथा दिगो पूर्वाधार निर्माणमा अपेक्षित प्रभाव नपर्ने
- योजनाको प्राथमिकता निर्धारण तथा प्रभावकारी अनुगमनमा कठिनाइ
- प्रशासनिक तथा प्राविधिक कार्यभार बढ्ने र ठूला योजनामा बजेट केन्द्रित गर्न कठिनाइ

## ४.७ सुधार तथा आगामी कार्ययोजना

- टुक्रे योजनालाई निरुत्साहित गरी प्राथमिकताका आधारमा ठूला तथा दिगो योजना सञ्चालन गर्ने
- आवश्यकता, प्रभाव र उपलब्ध स्रोतका आधारमा योजना छनोट गर्ने
- योजनाको पूर्वतयारी, सर्वेक्षण तथा लागत अनुमान समयमै सम्पन्न गर्ने
- निर्माण कार्यको नियमित प्राविधिक अनुगमन तथा गुणस्तर नियन्त्रण गर्ने
- समय, लागत र गुणस्तरलाई मुख्य आधार बनाई योजना कार्यान्वयन गर्ने
- निर्माण सम्पन्न पूर्वाधारको मर्मतसम्भार तथा संरक्षणमा प्राथमिकता दिने
- वडा, शाखा र सरोकारवालाबीच प्रभावकारी समन्वय कायम गर्ने
- योजना तथा प्रगतिको डिजिटल अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्ने

# ५. शिक्षा तर्फको प्रगति

## ५.१ संघीय सशर्त कार्यक्रम — समग्र

| बजेट उपशीर्षक | निकासा रकम | खर्च रकम | खर्च % |
|---|---|---|---|
| सबैका लागि शिक्षा — आधारभूत तथा माध्यमिक तलब | ९,८२,१३,००० | ९,३३,६२,०३० | ९५.०६% |
| विद्यालय शिक्षा क्षेत्र कार्यक्रम — आधारभूत तह | ५,१३,००,००० | ४,१५,२६,९१३ | ८०.९५% |
| **जम्मा** | **१४,९५,१३,०००** | **१३,४८,८८,९४३** | **९०.२२%** |

## ५.२ मुख्य क्रियाकलापगत प्रगति

| क्रियाकलाप | लक्ष्य | भौतिक प्रगति | बजेट | खर्च | वित्तीय % |
|---|---|---|---|---|---|
| आधारभूत तह स्वीकृत दरबन्दी शिक्षक तलब भत्ता | १३७ | १३७ | ७४१०० | ७४०९९.९५ | १००% |
| माध्यमिक तह स्वीकृत दरबन्दी शिक्षक तलब भत्ता | २४ | २४ | १७७०० | १३८३३.९४ | ७८.१६% |
| प्रारम्भिक बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी | ८० | ७९ | १२३८० | १२३८० | १००% |

(बजेट रु. हजारमा)

# ६. पशु सेवा शाखाको विस्तृत प्रगति

## ६.१ जनशक्ति

| क्र. | पद | श्रेणी/तह | संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | अधिकृत | अधिकृत स्तर छैटौं | २ | स्थायी |
| २ | प्राविधिक सहायक | सहायक स्तर पाँचौं | २ | स्थायी |
| | **जम्मा** | | ४ | |

## ६.२ गाउँपालिका बजेट अन्तर्गतका कार्यक्रम

| क्र. | कार्यक्रम/आयोजना | विनियोजन | खर्च | % |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १ | पशु आहारा विकास तथा हिउँदे/बर्खे घाँस ५०% अनुदान | ३,००,००० | २,६६,००० | ८८.७ |
| २ | आकस्मिक उपचार सेवा कार्यक्रम | १,००,००० | ८८,५९२ | ८८.६ |
| ३ | कुकुर बन्ध्याकरण कार्यक्रम | २,००,००० | २,००,००० | १०० |
| ४ | व्यवसायिक माछा पालक कृषकलाई ५०% अनुदानमा माछा भुरा | ८०,००० | ३८,३७० | ४८ |
| ५ | पशु स्वास्थ्य उपचार सेवा औषधि खरिद तथा वितरण | ९,५०,००० | ९,३०,००० | ९७.९ |
| ६ | पशु स्वास्थ्य गाउँघर घुम्ती क्लिनिक सञ्चालन | २,५०,००० | २,५०,००० | १०० |
| ७ | पशु पंक्षी खोप सेवा कार्यक्रम | १,००,००० | ८०,००० | ८० |
| ८ | ठूला पशु नियन्त्रणका लागि ट्रेभिज निर्माण | ८०,००० | ७२,००० | ९० |
| | **जम्मा** | **२०,७०,०००** | **१९,२५,०७४** | **९२.९९** |

शाखाबाट संकलित राजस्वः रु. ३०,८६५

## ६.३ कृत्रिम गर्भाधान सेवा

| महिना | भैंसी | गाई | जम्मा |
|---|---|---|---|
| श्रावण | २ | १० | १२ |
| भाद्र | ५ | ७ | १२ |
| असोज | ५ | २ | ७ |
| कार्तिक | ५ | ९ | १४ |
| मंसिर | ११ | ८ | १९ |
| पुस | ८ | ३ | ११ |
| माघ | ७ | ६ | १३ |
| फाल्गुन | ७ | ६ | १३ |
| चैत्र | ६ | ६ | १२ |
| **जम्मा** | **५६** | **५७** | **११३** |

## ६.४ पशु स्वास्थ्य उपचार सेवा (वार्षिक)

| पशु प्रकार | गाई/भैंसी | भेडा/बाखा | सुँगुर/बंगुर | हाँस/कुखुरा | कुकुर आदि |
|---|---|---|---|---|---|
| जम्मा उपचार | २०५ | ३,०३८ | १६० | १,६९२ | १४३ |

संघीय सशर्त अन्तर्गत कृत्रिम गर्भाधान सेवा कार्यक्रममा रु. ५,००,००० विनियोजन भई रु. ४,७५,००० खर्च भएको छ। कृषि पशुपन्छी तथा मत्स्य तथ्याङ्क अद्यावधिक कार्यक्रममा रु. ३५,००० पूर्ण खर्च भएको छ।

## ७. सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखा

### ७.१ सामाजिक सुरक्षा भत्ता लाभग्राही नविकरण (वडागत)

आ.व. २०८२/०८३ को श्रावण—भाद्रमा सामाजिक सुरक्षा भत्ता परिचय पत्र नविकरण अनिवार्य रूपमा सम्पन्न गरिएको छ। ७ वटै वडाका जम्मा ३,०९८ जना लाभग्राहीको नविकरण भएको छ। असोजमा थप ७७ जना सूचीकृत भएका थिए।

| वडा | जेष्ठ अन्य | जेष्ठ दलित | एकल महिला | विधवा | क अपाङ्ग | ख अपाङ्ग | दलित बाल |
|---|---|---|---|---|---|---|---|
| १ | १६५ | २० | २९ | ३९ | ५ | ३० | ३४ |
| २ | २४० | १३ | १५ | ४६ | ११ | ३३ | २१ |
| ३ | १७२ | ३५ | ३५ | ५२ | ८ | २७ | ५९ |
| ४ | २३५ | ६५ | ६१ | ६३ | ७ | ३६ | ७३ |
| ५ | २४७ | ७२ | ४३ | ८० | १३ | २२ | १०५ |
| ६ | २६० | २८ | ४३ | ५१ | २ | २९ | ६६ |
| ७ | २३७ | २० | ३६ | ५३ | १ | २७ | ३४ |
| **जम्मा** | **१५५६** | **२५३** | **२६२** | **३८४** | **४७** | **२०४** | **३९२** |

### ७.२ भत्ता वितरण (किस्तागत संख्या तथा रकम)

वार्षिक जम्मा भत्ता वितरण रकमः रु. ११ करोड ५८ लाख ८४ हजार ९ सय ९८।

| किसिम | १ किस्ता | २ किस्ता | ३ किस्ता | ४ किस्ता |
|---|---|---|---|---|
| अन्य जेष्ठ नागरिक (संख्या) | १५८० | १५६९ | १५६१ | १४४५ |
| दलित जेष्ठ नागरिक | २७१ | २७८ | २८३ | २८३ |

| | | | | |
|---|---|---|---|---|
| जेष्ठ एकल महिला | २४९ | २७६ | २७७ | २७६ |
| विधवा | ४१३ | ४०७ | ४१८ | ४२६ |
| क वर्ग अपाङ्ग | ५० | ५१ | ५३ | ५५ |
| अति अशक्त अपाङ्ग | २०९ | २११ | २१४ | २१८ |
| दलित बालबालिका | ४०३ | ४१२ | ४१४ | ४०१ |
| **जम्मा संख्या** | **३१७५** | **३२०४** | **३२२०** | **३२०४** |

## ७.३ अनलाइन घटना दर्ता (वार्षिक)

| दर्ता प्रकार | संख्या |
|---|---|
| जन्म | ६९४ |
| मृत्यु | १७३ |
| सम्बन्ध विच्छेद | ५६ |
| विवाह | ३४६ |
| बसाइँ सरी आएको (परिवार / सदस्य) | १०२ / ३३६ |
| बसाइँ सरी गएको (परिवार / सदस्य) | ९४ / २६४ |
| **जम्मा** | **१,४६५** |

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको निर्देशन अनुसार २०८२ बैशाख १—७ गते घटना दर्ता सप्ताह तथा बायोमेट्रिक भेरिफिकेशन शिविर सञ्चालन गरिएको थियो। उक्त शिविरबाट १,६०५ जनाले सेवा लिएका थिए।

# ८. सहकारी शाखाको प्रगति

## ८.१ पृष्ठभूमि तथा कानुनी आधार

नेपालको संविधानले सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता तथा विकास मार्फत राष्ट्रिय अर्थतन्त्रलाई सुदृढ गर्ने नीति अवलम्बन गरेको छ। अनुसूची—८ मा सहकारी संस्था स्थानीय तहको अधिकार सूचीमा र अनुसूची—९ मा सहकारी संघ/प्रदेश/स्थानीयको साझा अधिकारमा

राखिएको छ। सहकारी ऐन, २०७४ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहभित्रका सहकारीको दर्ता, नियमन, अनुगमन र प्रवर्द्धनको जिम्मेवारी दिएको छ।

## ८.२ सहकारी संस्थाको अवस्था

| विवरण | संख्या | कैफियत |
|---|---|---|
| कृषि सहकारी | १० | |
| बहुउद्देश्यीय सहकारी | २ | |
| महिला सहकारी | ३ | |
| निष्क्रिय/समस्याग्रस्त | १ | |
| स्थानीय क्षेत्राधिकार | १६ | |
| प्रदेश क्षेत्राधिकार | ३ | |
| संघ क्षेत्राधिकार | १ | |
| **जम्मा सहकारी संस्था** | **२०** | |

## ८.३ वित्तीय विवरण सारांश

- कुल सदस्यः ६,८१५ (महिला ४,०९४, पुरुष २,७२१)
- शेयर पुँजीः रु. ३,५३,४०,३५५
- बचत संकलनः रु. ७,३७,२८,९९४
- ऋण लगानीः रु. १३,१८,९५,९६०

## ८.४ सञ्चालित कार्यक्रम तथा उपलब्धि

- COPOMIS सम्बन्धी तालिम
- लेखा व्यवस्थापन तालिम
- सहकारी संस्थाको अभिलेख अद्यावधिक
- सहकारी संस्थाको अनुगमन
- सहकारी सम्बन्धी सूचना तथा परामर्श, समस्या समाधान तथा सहजिकरण

सहकारी शाखामा आ.व. २०८२/८३ मा कुल बजेटको ०.७% मात्र विनियोजन भएको थियो भने आ.व. २०८३/८४ का लागि ०.११% विनियोजन प्रस्तावित छ।

## ८.५ समस्या तथा सुझाव

- संस्थागत सुशासनको कमी, वित्तीय जोखिम, लेखा व्यवस्थापनमा कमजोरी
- COPOMIS मा विवरण प्रविष्टिको समस्या, निष्क्रिय संस्था, दक्ष जनशक्तिको अभाव
- उत्पादनमूलक क्षेत्रमा न्यून लगानी
- सुझाव: नियमित अनुगमन, जोखिम वर्गीकरण, क्षमता विकास तालिम, COPOMIS अनिवार्य प्रविष्टि, उत्पादन/रोजगारी केन्द्रित परिचालन

## ९. न्यायिक समितिको प्रगति

### ९.१ उजुरी तथा फछ्यौंट

| विवरण | संख्या |
|---|---|
| कुल उजुरी दर्ता (आ.व. २०८२/८३) | ४५ |
| गत वर्षबाट जिम्मेवारी सरेको | २२ |
| तामेलीमा रहेको | २१ |
| फछ्यौंट | २१ |
| बाँकी | ३ |
| ठाडो उजुरी | १४ |
| मिलापत्र (छलफल/सहजिकरण) | ८ |
| न्यायिक समिति बैठक | २१ |

### ९.२ उजुरीको प्रकृति अनुसार

| प्रकृति | दर्ता | फछ्यौंट | बाँकी |
|---|---|---|---|
| जग्गा सम्बन्धी | १३ | १३ | ० |
| पारिवारिक विवाद | ६ | ४ | २ |
| घरेलु हिंसा | २ | २ | ० |
| बाटो/आँठा/साँध | ३ | १ | २ |

### ९.३ तालिम तथा खर्च प्रगति

| बजेट शीर्षक | बजेट | खर्च | % | लक्ष्य/प्रगति |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| न्यायिक समिति र मेलमिलापकर्तालाई आदेश अभिलेखीकरण र फैसला लेखन तालिम | २,००,००० | २,००,००० | १००% | ३०/३० |
| न्यायिक समिति/कार्यपालिका/वडा सचिवलाई कानूनी समस्या तालिम | १,००,००० | १,००,००० | १००% | ३०/३० |

## ९.४ समस्या तथा सुझाव

- पक्ष/विपक्षले तारिख छोड्ने, सम्पर्कमा नआउने; विपक्षले म्याद/तारिख बुझ्न नमान्ने
- कानूनी सल्लाहकार नभएर कानूनी समस्या सम्बन्धी जानकारीमा कठिनाइ
- तालिममा प्रशिक्षक आउन नमान्ने
- सुझाव: कानूनी सल्लाहकार व्यवस्था; प्रशिक्षकको पारिश्रमिक/भत्ता सुनिश्चितता

## १०. रोजगार सेवा केन्द्रको प्रगति

| क्रियाकलाप | विनियोजन | खर्च | % | भौतिक प्रगति |
|---|---|---|---|---|
| रोजगार आयोजना ज्याला (संघीय सशर्त १००%) | ३०,७२,००० | ३०,२०,५८९ | ९८.७३ | ४१/४१ जना (१००%) |
| गाउँपालिका साझेदारी रकम | ३०,७२,००० | २६,०९,१०५ | ८४.९३ | १३/१४ (९२.८६%) |
| श्रमको सम्मान राष्ट्रको अभियान | २५,००० | २४,९०० | ९९.६० | ७/७ (१००%) |

वडा नं. १ को कम्पाउन्ड वाल बनाउन विवाद भएकाले एउटा योजना प्रभावित भएको।

### अन्य कार्यहरू

- पुन: श्रम स्वीकृति ८६ जनाको लागि सहजिकरण
- मृतक ६ जनाको परिवारलाई क्षतिपूर्ति (१० लाख वा २५ हजार) प्राप्त गर्न सहजिकरण; ३ जनाको शव झिकाउने तथा ढुवानी सहजिकरण

### समस्या तथा सुझाव

- समयमै रोजगार उपभोक्ता समिति गठन नभएकाले योजना सम्पन्न गर्न असार कुर्नुपर्ने र अनुगमन/मूल्याङ्कनमा कठिनाइ

- जनश्रमदान अनिवार्य भएको; सुझाव: समयमै समिति गठन गर्नुपर्ने र जनश्रमदान हटाउनुपर्ने

## ११. सूचना प्रविधि तथा विपद् व्यवस्थापन शाखा

### ११.१ सूचना प्रविधि तर्फ

- पालिकाभित्रका सम्पूर्ण कार्यालयहरूमा इन्टरनेट जडान सम्पन्न
- कार्यपालिका हलमा स्मार्ट बोर्ड स्थापना (कार्यक्रम/गोष्ठी/सेमिनारका लागि)
- पालिकाका सम्पूर्ण प्रणालीहरू तथा वडा/शाखाका कार्यहरूमा सहजिकरण
- LGPAS (Local Government Performance Assessment System) प्राप्ताङ्क: ६७.५
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग मूल्याङ्कन: ६०.८६

### ११.२ विपद् व्यवस्थापन तर्फ

| क्रियाकलाप | विनियोजन | खर्च | खर्च % |
|---|---|---|---|
| अग्नि नियन्त्रण सामग्री खरिद | ८,००,००० | ७,९४,६७० | ९९.३३% |
| विपद् व्यवस्थापन कोष | ३,००,००० | ५८,००० | १९.३३% |
| त्रिपाल खरिद | २,००,००० | १,९८,२४७ | ९९.१२% |

## १२. वडागत प्रगति विवरण

### १२.१ वडा नं. २ — वार्षिक प्रगति

वडा नं. २ बाट आ.व. २०८२/०८३ मा नहर निर्माण, सिँचाइ पाइप, बाटो विस्तार/मर्मत, गोठ सुधार, विषादी वितरण, पोषण, जेष्ठ नागरिक, महिला विशेष, विद्यालय व्यवस्थापन, खेल सामग्री लगायतका ५० भन्दा बढी योजना/कार्यक्रम सञ्चालन भएका छन्। अधिकांश योजनामा १००% वित्तीय प्रगति हासिल भएको छ।

**प्रमुख योजनाहरू (नमूना)**

| क्र. | क्रियाकलाप | बजेट | खर्च | प्रगति % |
|---|---|---|---|---|
| १ | ५०% लागतमा गोठ सुधार | २,००,००० | २,००,००० | १०० |
| २ | अपाङ्गता ग/घ वर्ग विशेष कार्यक्रम | ८०,००० | ८०,००० | १०० |
| ३ | ५०% अनुदानमा किटनाशक विषादी | ५०,००० | ५०,००० | १०० |

| | | | | |
|---|---|---|---|---|
| ४ | ५०% अनुदानमा ढुसीनाशक विषादी | ५०,००० | ५०,००० | १०० |
| ५—२७ | विभिन्न नहर/नाला/पाइप/बाटो निर्माण तथा मर्मत | विभिन्न | पूर्ण | १०० |
| ३७ | जेष्ठ नागरिक विशेष कार्यक्रम | ८६,००० | ७२,००० | ८६ / ८४ |
| ३८ | पोषण कार्यक्रम | १,००,००० | ९७,७५० | १०० / ९७.२ |

केही योजना (बगाले पूर्व नहर, भालुडाँडा चौतारी, सितापुर स्कुल नाला) सम्झौता नभएको वा काम नभएको वा गा.पा. बाट सम्पन्न भएको अवस्था छ।

दर्ता/चलानी तथा घटना दर्ता (वडा २)

| विवरण | श्रावण | भाद्र | … | जेठ | असार | वार्षिक |
|---|---|---|---|---|---|---|
| दर्ता संख्या | २६७ | १३७ | … | ७ | ६ | ४६४ |
| चलानी संख्या | ७२ | ८७ | … | ११० | ८८ | ९३४ |
| नागरिकता सिफारिस | १० | ५ | … | १४ | १३ | १३८ |
| जन्म दर्ता | ९ | ३ | … | ४ | ५ | ७५ |
| विवाह दर्ता | १ | २ | … | ६ | १ | ४५ |

**राजस्व संकलन (वडा २) — जम्मा रु. ७,५७,२०९.१९**

सम्पत्ति कर, भूमिकर/मालपोत, बहालकर, बहाल विटौरीकर, कृषि/पशुजन्य व्यवसाय कर, प्रशासनिक सेवा शुल्क, सिफारिस दस्तुर, घटना दर्ता दस्तुर, अन्य दस्तुर, नाता प्रमाणित आदि शीर्षकबाट संकलन।

## १२.२ वडा नं. ६ — वार्षिक प्रगति

- जम्मा वार्षिक बजेट: रु. ६८,००,००० (पुँजीगत ६० लाख, चालु ८ लाख)
- आयोजना संख्या: १८ (सबै सम्पन्न)
- भौतिक प्रगति: ९७.७९% | वित्तीय प्रगति: ९३.४५%
- लक्षित कार्यक्रम: ९ मध्ये ७ सम्पन्न (१ संशोधन, १ सम्पन्न नभएको)

**पुँजीगत आयोजनाहरू (सबै १००% सम्पन्न)**

चौपारी बिच गाउँ सडक स्तरोन्नति, सालघारी कुलाबाट खड्का टोल नहर, पुराना सडक मर्मत, बल्ले जुरो माझ कुलो बाँध, इट्टा भट्टा देखि बेल्भार नहर, कटकुइया लामीतार नहर, खुनेतरा

नहर, खिलतपुर कनौटोल नहर, गुमानसिङ/तिलक घर नहर/डुर कुलो, चनट्टिया सिँचाइ नहर, च्याटिखोला धारा पानी नहर, चौपारी गाउँ नहर, तिलवारे घर दक्षिण नहर, दुर्गा चौधरी बारी नहर, बल्ले जुरो बगर कुलो बाँध, बेल्भार नहर पश्चिम शाखा, राकेश खत्री घर—राँगटोल नहर, लोक बहादुर डाँगी—जग बहादुर सुनार नहर आदि।

**राजस्व संकलन (वडा ६) — जम्मा रु. १३,०८,८३५.८७**

| शीर्षक | रकम (रु.) |
|---|---|
| सम्पत्ति कर | ३०,८९२ |
| भूमि कर तथा मालपोत | ३,६४,२०६.२७ |
| जग्गा/घर बहाल कर | ४५,१३५ |
| सिफारिस दस्तुर | ४,३४,५७५ |
| व्यक्तिगत घटना दर्ता दस्तुर | ८८,१०० |
| अन्य (प्रशासनिक, नाता, नक्सापास, बहाल विटौरी, अन्य) | ३,४५,९२७.६० |
| **जम्मा** | **१३,०८,८३५.८७** |

**पञ्जीकरण तथा सामाजिक सुरक्षा (वडा ६)**

- जन्म दर्ता ९०, मृत्यु २०, विवाह ४०, सम्बन्ध विच्छेद ५, बसाइँ सराइ आएको १० परिवार (२७ सदस्य), गएको १३ परिवार (३२ सदस्य) — जम्मा दर्ता १७८
- सामाजिक सुरक्षा भत्ता: अन्य जेष्ठ २५८, दलित जेष्ठ ३०, एकल महिला ४३, विधवा ५३, पूर्ण अपाङ्ग २, अति अशक्त ३०, दलित बालबालिका ५९ — जम्मा ४७५
- नागरिकता सिफारिस ७५, प्रतिलिपि १०७, अन्य सिफारिस (चलानी) १,३८९ — जम्मा १,५७१

## १२.३ वडा नं. ७ — वार्षिक प्रगति

**प्रशासनिक काम**

| कार्य विवरण | संख्या |
|---|---|
| नागरिकता सिफारिस | १३६ |
| नागरिकता प्रतिलिपि सिफारिस | १२५ |
| चारकिल्ला प्रमाणित | ६१ |

| | |
|---|---|
| नाता प्रमाणित | ३० |
| बैदेशिक सिफारिस प्रमाणित | ६७ |
| घरबाटो प्रमाणित | ३७ |
| जातीय सिफारिस | ९ |
| चलानी संख्या | १९० |
| वडा बैठक | ३१ |
| दर्ता संख्या | ३४२ |
| झगडा छलफल / मिलापत्र | ७ / ६ |

**पञ्जीकरण**

- जन्म दर्ता: पुरुष ४८, महिला ६२ — जम्मा ११०
- मृत्यु दर्ता: पुरुष १०, महिला १७ — जम्मा २७
- सम्बन्ध विच्छेद: ६ | विवाह दर्ता: ५२ जोडी
- बसाइँसराई: गएको २१, आएको ७ जना — जम्मा २८ परिवार

## १३. प्रमुख उपलब्धिहरू (सारांश)

१. कुल ३२९ योजना सञ्चालन भई औसत वित्तीय प्रगति ८४.९६% हासिल; जनसहभागिता/श्रमदान रु. ८०.२१ लाख परिचालन।

२. सिँचाइ: ११,९६० मि. RCC नहर, ८ RCC बाँध, १,१०० मि. पाइप, ३,६०० मि. कच्ची कुलो।

३. सडक: ६,७८३ मि. RCC नाला, ९,३०० मि. ग्राभेल, ४,२०९ मि. नयाँ कटिङ, ३८ कि.मि. मर्मत, ७ कलभर्ट।

४. भवन/अन्य: नक्सा पास १५, अभिलेखीकरण २५, चौतारा ६, सामुदायिक भवन ८, गेवियन ३१२, खानेपानी पाइप १०,५९१ मि.।

५. शिक्षा क्षेत्रमा संघीय सशर्त कार्यक्रममा ९०.२२% खर्च; शिक्षक तलबमा उच्च प्रगति।

६. पशु सेवामा ९२.९९% खर्च; कृत्रिम गर्भाधान ११३, व्यापक पशु स्वास्थ्य सेवा।

७. सामाजिक सुरक्षा भत्ता वार्षिक करिब रु. ११.५९ करोड वितरण; ३,००० भन्दा बढी लाभग्राही।

८. अनलाइन घटना दर्ता १,४६५; घटना दर्ता सप्ताहबाट १,६०५ जनालाई सेवा।

९. न्यायिक समितिबाट २१ उजुरी फछ्र्यौंट, ८ मिलापत्र; तालिम १००% सम्पन्न।
१०. रोजगार आयोजनाबाट ४१ जनालाई रोजगारी; पुनः श्रम स्वीकृति ८६ जना सहजिकरण।
११. सम्पूर्ण कार्यालयमा इन्टरनेट तथा स्मार्ट बोर्ड; LGPAS ६७.५, वित्त आयोग ६०.८६।
१२. वडाहरूबाट उच्च दरमा नागरिकता/सिफारिस/पञ्जीकरण सेवा तथा राजस्व संकलन।

## १४. समस्या तथा चुनौतीहरू

- टुक्रे योजनाको अधिकताले स्रोत छरिनु र दीर्घकालीन प्रभाव कम हुनु
- केही संघीय/प्रदेश अनुदान रकम फ्रिज/फिर्ता हुनु (जम्मा रु. २.७० करोड)
- भुक्तानी बाँकी रु. १.५५ करोड तथा उच्च बेरुजु (रु. १३.०३ करोड)
- वर्षान्तमा खर्च केन्द्रित प्रवृत्ति (अन्तिम दिनमा मात्र ७.९५% खर्च)
- कर्मचारी अभाव तथा वडा कार्यालयमा अत्यधिक कार्यचापका कारण सेवा प्रवाहमा ढिलाइ/गुनासो
- निर्माण सामग्री मूल्यवृद्धि, समयमै उपलब्ध नहुनु र ठेक्का/निर्माणमा ढिलाइ
- जग्गा/सडक अधिकार क्षेत्र तथा स्थानीय विवादले योजना प्रभावित
- सहकारीमा संस्थागत सुशासन, COPOMIS प्रविष्टि र उत्पादनमूलक लगानीको कमी
- रोजगार उपभोक्ता समिति गठनमा ढिलाइ तथा जनश्रमदान सम्बन्धी कठिनाइ
- न्यायिक समितिमा पक्ष/विपक्षको अनुपस्थिति र कानूनी सल्लाहकार अभाव

## १५. सुझाव तथा आगामी कार्यदिशा

१३. टुक्रे योजना घटाई आवश्यकता र प्रभावका आधारमा ठूला, दिगो र प्राथमिकताका योजनामा स्रोत केन्द्रित गर्ने।
१४. योजनाको पूर्वतयारी (सर्वेक्षण, डिजाइन, लागत अनुमान, वातावरणीय पक्ष) समयमै सम्पन्न गरी कार्यान्वयन ढिलाइ घटाउने।
१५. नियमित प्राविधिक अनुगमन, गुणस्तर नियन्त्रण र डिजिटल प्रगति अभिलेख व्यवस्थित गर्ने।
१६. भुक्तानी प्रक्रिया छिटो बनाई बाँकी रकम समयमै भुक्तानी गर्ने; बेरुजु नियमितीकरण तथा असुलीलाई प्राथमिकता दिने।

१७. वडा कार्यालयहरूमा पर्याप्त र दक्ष कर्मचारी व्यवस्थापन गरी सेवा प्रवाह सुधार गर्ने।

१८. सहकारी संस्थाको क्षमता विकास, COPOMIS अनिवार्य प्रविष्टि र उत्पादन/रोजगारी केन्द्रित लगानी प्रोत्साहन गर्ने।

१९. जनसहभागिता तथा श्रमदानलाई निरन्तर प्रोत्साहन गर्दै अपनत्व बढाउने।

२०. विपद् व्यवस्थापन कोषको प्रभावकारी परिचालन र पूर्वतयारीमा जोड दिने।

२१. न्यायिक समितिका लागि कानूनी सल्लाहकार व्यवस्था तथा तालिम/प्रशिक्षक व्यवस्था सुनिश्चित गर्ने।

२२. रोजगार उपभोक्ता समिति समयमै गठन गरी अनुगमन/मूल्याङ्कन सहज बनाउने।

२३. पारदर्शिता, जवाफदेहिता र नागरिक सहभागिता अभिवृद्धि गर्दै सुशासन प्रवर्द्धन गर्ने।

## १६. निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ मा बबई गाउँपालिकाले सीमित स्रोत—साधनका बाबजुद विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, सामाजिक सुरक्षा तथा सुशासनका क्षेत्रमा उल्लेखनीय प्रगति हासिल गरेको छ। कुल ३२९ योजनामा ८४.९६% वित्तीय प्रगति, ११,९६० मिटर RCC नहर सहित व्यापक पूर्वाधार निर्माण, नियमित सामाजिक सुरक्षा भत्ता वितरण (करिब ११.५९ करोड), शिक्षा क्षेत्रमा ९०% भन्दा बढी खर्च, पशु सेवामा उच्च प्रगति र डिजिटल सेवा विस्तार यस वर्षका मुख्य उपलब्धि हुन्।

तथापि, टुक्रे योजनाको अधिकता, केही अनुदान फ्रिज हुनु, भुक्तानी बाँकी तथा बेरुजुको उच्च मात्रा, कर्मचारी अभाव, वर्षान्त खर्च केन्द्रित प्रवृत्ति र स्थानीय विवाद जस्ता चुनौतीहरू विद्यमान छन्। आगामी दिनमा प्राथमिकतामा आधारित ठूला तथा दिगो योजना, प्रभावकारी अनुगमन, समयमै भुक्तानी, बेरुजु व्यवस्थापन, कर्मचारी व्यवस्थापन र जनसहभागितामा जोड दिई गाउँपालिकालाई अझ समृद्ध, पारदर्शी, सेवामुखी र नतिजामुखी बनाउने प्रतिबद्धता व्यक्त गरिन्छ।

यस वर्षका सम्पूर्ण उपलब्धिमा जनप्रतिनिधि, कर्मचारी, निर्माण व्यवसायी, उपभोक्ता समिति, सहकारी संस्था, नागरिक समाज तथा स्थानीय नागरिकहरूको सक्रिय सहयोग महत्वपूर्ण रहेको छ। सबै पक्षप्रति हार्दिक आभार व्यक्त गर्दै आगामी वर्षमा थप प्रभावकारी समन्वय, सहकार्य र परिणाममुखी कार्यान्वयनको अपेक्षा गरिन्छ। प्राविधिक तथा प्रशासनिक क्षेत्रमा देखिएका कमी—कमजोरीलाई सुधार गर्दै अझ व्यवस्थित र प्रभावकारी रूपमा काम गर्ने प्रतिबद्धता पनि व्यक्त गरिन्छ।

आज मिति २०८२/०४/२६ गतेका दिन बबई गाउँ पालिकाका अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्री ज्यूको अध्यक्षतामा यस गाउँपालिकाको आ.व. २०८१/०८२ को अवधिमा कार्यालयका शाखा, वडा कार्यालय र अन्य युनिटबाट सम्पादित गरेका कामको वार्षिक प्रगति समीक्षा गोष्ठी कार्यालयको बैठक कक्षमा देहायका जन प्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा सञ्चालन गरियो।

१. अध्यक्ष श्री कुल बहादुर खत्री क्षेत्री
२. उपाध्यक्ष श्री बम कुमारी खड्का
३. प्र.प्र.अ. श्री जोरबिम वली
४. वडा अध्यक्ष श्री प्रेम बहादुर डाँगी
५. ,, ,, श्री टेक बहादुर वली (२)
६. ,, ,, श्री मान बहादुर के.सी.
७. ,, ,, श्री टेक बहादुर वली (४)
८. ,, ,, श्री हर्क बहादुर [illegible] मगर
९. ,, ,, श्री राजेन्द्र विक्रम शाह
१०. ,, ,, श्री तिलकराम भण्डारी
११. कार्यपालिका सदस्य श्री शान्ती परियार
१२. ,, ,, श्री भीमा कुमारी बुढामगर
१३. ,, ,, श्री तोरकी डाँगी
१४. ,, ,, श्री सावित्री सुनार
१५. ,, ,, श्री ताराथवा परियार
१६. ,, ,, श्री मोतीसरा वि.क.
१७. प्र. अ. श्री कृष्ण कुमार कँडेल
१८. सु.प्र.अ. श्री पुरुषोत्तम अधिकारी
१९. स.प्र.अ. श्री लोकेन्द्र बहादुर यती
२०. वरिष्ठ इन्जिनियर राजेश देवकोटा
२१. तेजेन्द्र भण्डारी (सूचना संयोजक)
२२. दिपेन्द्र प्रसाद डाँगी (सू.प्र.वि. अधिकृत)
२३. प्रेमप्रकाश दाहाल

| | | |
|---|---|---|
| श्री निर्मला डि. सी | - | वडा नं. ६ वडा सचिव |
| श्री अमान सिंह नेपाली | - | " -२ " |
| श्री हस्त बहादुर खत्री | | " ३ " |
| श्री शिव शंकर पाठक | | प्रा. अ. |
| श्री राम बहादुर डेली | | कृषि प्राविधिक |
| श्री गोविन्द कुनाई | | सब-इन्जिनियर |
| श्री बाल कृष्ण पाण्डेय | | MIS Operator |
| श्री नारायण भण्डारी | | सब इन्जिनियर |
| श्री अतुल कुमार के.सी. | | योजना शाखा |
| दिलीप कुमार खत्री | | स.प्र.अ. |
| गणेश अर्ली | | लेखा अधिकृत |
| राज बहादुर डेली | | इ.वि.प |
| हरि बहादुर रोका | | स्वास्थ्य शाखा |
| बालाराम महतारा | | मनोपरामर्श कर्ता |
| रिखमा पुन | - | महिला विकास निरीक्षक |
| निर्मला कुमारी पौडेल | | दर्ता/चलानी कक्ष |
| नविन कुलाल | | अ.स्वा.अ. स्वास्थ्य शाखा |
| उर्मिला मिरल | | व्यापार शाखा |
| लोकेन्द्र थापा | | प.स्वा.प्र. |
| ईश्वरी कुमारी योगी | | स्वा.प्रा.स.हे |
| दिनेश कुमार खत्री | | ४ नं. वडा सचिव |
| पुष्पा न्यौपाने | | का.स |
| खुमाकली भण्डारी | | " |
| संजिता बली | | " |
| लक्ष्मी कुवायोनी | | " |
| टिका कु बली | | माली |
| मान बहादुर बलीते | | वडा सचिव ६ |